प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## गण्डकी प्रदेश

## पोखरा, नेपाल

पत्रसङ्ख्याः (सा.वि.)०७७/०७८
चलानी नं.: १६१४

फोन-☎ ०६१-४६७९१४
फ्याक्सः- ०६१-४६७९१४
शहिदचोक, पोखरा

मिति- २०७८/०१/०६

श्री स्थानीय तहहरु ८५ वटै
गण्डकी प्रदेश ।

विषयः कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय सम्बन्धमा ।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति २०७७/१२/०३ गतेको सूचना अनुसार महिला उद्यमशीलता विकास, वित्तिय पहुँच, टेवा, पूँजि र प्रविधि सहयोग कार्यक्रमका लागि प्रत्येक स्थानीय तहका टेवा, पूँजि र प्रविधि सहयोगको लागि इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहले २०७७ चैत्र १७ गते भित्र सम्बन्धित स्थानीय तहमा विवरणहरु पेश गर्ने साथै स्थानीय तहले प्राप्त हुन आएका विवरणहरुलाई मिति २०७८ वैशाख २ गतेसम्म प्रदेशको सामाजिक विकास मन्त्रालयमा सिफारिस गर्ने गरी सूचना प्रकाशन भएकोमा तोकिएको समयभित्र यस मन्त्रालयमा विवरणहरु पर्याप्त मात्रामा सिफारिस भै नआएको हुँदा उक्त कार्यक्रमको कार्यान्वयनमा थप प्रभावकारीता ल्याउनको लागि मिति **२०७८/०१/१६गतेसम्म** यस मन्त्रालयमा स्थानीय तहहरु मार्फत विवरण पेश गर्नको लागि इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहहरुसँग आवश्यक समन्वय गरिदिनुहुन निर्देशानुसार अनुरोध छ । साथै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सूचना समेत यसै साथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ । यस सम्बन्धी थप जानकारीको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको **महिला उद्यमशीलता विकास वित्तीय पहुँच, टेवा, पूँजि र प्रविधि सहयोग कार्यक्रम संचालन कार्यविधि,** २०७७ (www.mowcsc.gov.np) मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

......................१।६......
जमुना पौडेल
महाशाखा प्रमुख
सामाजिक विकास महाशाखा
**महाशाखा प्रमुख**

*phone no. 061-467914* *E-mail- ministrysocialdevpkr@gmail.com*

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाण्डौको

## सूचना

सूचना प्रकाशन मितिः २०७७ चैत ३

यस मन्त्रालयको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समूह र बीस जना महिला उद्यमीहरुलाई टेवा पूँजी र प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ । **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,** २०७७ को दफा ४ बमोजिम कार्यक्रम सञ्चालन गर्नको लागि प्रत्येक स्थानीय तहले आ-आफ्नो स्थानीय तह भित्र टेवा पूँजी र प्रविधि सहयोगको लागि इच्छुक महिला उद्यमी र महिला उद्यमीहरुको समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तहमा देहायका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

सम्बन्धित स्थानीय तहले टेवा पूँजी र प्रविधि सहयोग माग गरी दिएका निवेदनहरु साथ संलग्न कागजातहरुको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनौट गरी निवेदन दिने समय (म्याद) समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा सिफारिस गरी पठाउनहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै, महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालयको **वेभसाइटः www.mowcsc.gov.np** बाट डाउनलोड गरी हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

**देहायः**

**महिला उद्यमी रमहिला उद्यमी समूहले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) उद्योग व्यवसाय दर्ता वा नविकरणको प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,

(ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,

(घ) आवश्यकता अनुसार व्यवसायीक इजाजत-पत्र,

(ङ) व्यावसायीक योजना,

(च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता ।

**नोटः** ७५३ वटै स्थानीय तह र सातै प्रदेशको सामाजिक विकास मन्त्रालयले यसै सूचनालाई आधार मानी **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,** २०७७ बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अनुरोध गर्दछ ।

**स्थानीय तहमा निवेदन दिने समय (म्याद) समाप्त हुने मितिः** २०७७ चैत १७ गते मंगलबार,कार्यालय समय भित्र ।

**स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा सिफारीस गर्ने मितिः** २०७८ वैशाख २ गते बिहीवार, कार्यालय समय भित्र ।